मिति २०८१।१०।२८ मा बन्दीपुर गाँउपालिकाको आ. व. २०८१/०८२ को १२औ कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षता एवम् तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारका एजेन्डा माथि छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

तपशिलः

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

एजेन्डाहरू

| |
|---|
| १. अघिल्लो बैठकको समीक्षा |
| २. बन्दीपुर अस्पतालमा मे.सु. नियुक्ति सम्बन्धमा |
| ३. अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रम |
| ४. गरिब जेहेन्दार छात्रवृत्ति |
| ५. साना सिँचाईको लागि आवेदक छनोट |
| ६. वडा नं. ३ र ४ मा किसान सूचीकृत कार्यक्रम सञ्चालन |
| ७. ठेक्का म्याद थप |
| ८. विविध |

मिति २०८१।१०।२८ को कार्यपालिका बैठकका निर्णयहरू

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

| निर्णय संख्या | निर्णयसंग सम्बन्धित शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | प्रशासन | अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु उपर छलफल गरी समीक्षा गरियो । |
| २. | प्रशासन | बन्दीपुर अस्पतालका लागि माग भएको मेडिकल सुपरिटेण्डेन्ट पदका लागि प्रदेश लोक सभा आयोगबाट सिफारिस भै आउनुभएका डा. अनिल गिरी लाई मिति २०८१।१०।२४ बाट लागू हुनेगरी बन्दीपुर गाउँपालिका अन्तर्गत नियुक्ति दिई बन्दीपुर अस्पतालमा पदस्थापना गर्ने निर्णय गरियो । |
| ३. | प्रशासन | बन्दीपुर गाउँपालिकालाई विपक्षी बनाई विभिन्न अदालतहरुमा दर्ता भएका मुद्दाहरूमा कार्यालयको तर्फबाट लिखित जवाफ पेश, तारेख, प्रतिउत्तर जस्ता कार्यहरू गर्नका लागि यसै कार्यालयका न्यायिक सहजकर्ता श्री राजेन्द्र पराजुलीलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो । |
| ४. | शिक्षा शाखा | मिति २०८१/१०/५ देखि ७ सम्म आयोजित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छनोट भइ जिल्ला राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१ मा सहभागिता जनाउनका लागि रू २ लाख बार्षिक बजेटमा समावेश **अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रम** शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो । |
| ५. | शिक्षा शाखा | पोखरा प्राविधिक शिक्षालयमा अध्ययनरत छात्र बन्दीपुर गा.पा. वडा नं. ५ निवासी बलराम लामिछानेको नाती डोलप्रसाद लामिछानेको छोरा छविलाल लामिछाने लाई **गरिब तथा जेहेन्दार छात्रवृत्ति कार्यक्रम शीर्षक** बाट आर्थिक वर्ष २०८१/०८२ को लागि रु ३५ हजार छात्रवृत्ति प्रदान गर्ने निर्णय गरियो। |
| ६. | कृषि विकास शाखा | आ.व.२०८१/०८२ का लागि किसान सूचिकरण कार्यक्रम बन्दीपुर गाउँपालिका वडा नं. ३ र ४ मा सञ्चालन गर्ने निर्णय गरियो । |
| ७. | कृषि विकास शाखा | साना सिँचाई कार्यक्रममा सहभागि हुन ईच्छुक लाभग्राही मध्येबाट आर्थिक विकास समितिको मिति २०८१/१०/१५ को निर्णयअनुसार छनोट गरिएका लाभग्राहीहरु लाई अनुमोदन गर्ने निर्णय गरियो। |
| ८. | महिला बालबालिका शाखा | गाउँपालिकाको वार्षिक बजेटमा समावेश GESI Audit कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव TOR स्वीकार गरी परामर्शसेवा मार्फत खरीद प्रकृया अगाडि बढाउने निर्णय गरियो । |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल

## मिति २०८१।१०।२८ को कार्यपालिका बैठकका निर्णयहरू

| | | |
|---|---|---|
| ९. | स्वास्थ्य शाखा | गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाद्धारा बन्दीपुर अस्पतालको अधुरो भवन निर्माणका लागि दुई पटक बोलपत्र आव्हान भई कार्य भईरहेको छ । उक्त कार्यहरु गर्दा छुट भएको रंगरोगन तथा अन्य निर्माण कार्य गर्न हिउदे गाउँसभाबाट सोही शीर्षकमा विनियोजित रू १० लाख बजेटबाट खर्च हुनेगरी प्रकृया अगाडि बढाउने निर्णय गरियो । |
| १० | स्वास्थ्य शाखा | बन्दीपुर अस्पतालमा संचालनमा रहेको क्यान्टिनको सम्झौता म्याद २०८१ पौष मसान्तबाट सकिएकोले पुनः संचालनका लागि प्रकृया अगाडि बढाउने निर्णय गरियो । |
| ११ | बन्दीपुर अस्पताल | बन्दीपुर अस्पतालमा मेडिकल अधिकृत पदमा कार्यरत डा.सवना मियाको करार सम्झौताको म्याद थप गरी २०८२ असार मसान्त सम्म कायम गर्ने निर्णय गरियो । |
| १२ | रोजगार शाखा | बन्दीपुर गाउँपालिका वडा नं. १ अन्तरगत विनियोजन भएका कार्यक्रमहरु शिखरडाँडा सालटार पैदल मार्ग, शिखर डाँडा गुरुङटार, गुरुङटार चौतारा निर्माण तथा देउराली पोखरी निर्माण योजना **प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा** सञ्चालन गर्ने निर्णय गरियो । |
| १३ | पर्यटन शाखा | बन्दीपुर ५ स्थित थुम्का चौतारा मर्मत कार्यका लागि **पर्यटकीय क्षेत्रहरूमा चौतारा निर्माण शीर्षक** बाट रु ५० हजार र **पर्यटन प्रवर्धन शीर्षक**बाट रु ५० हजार गरी जम्मा रु ९० हजार विनियोजन गर्ने निर्णय गरियो । |
| १४ | विविध | • बन्दीपुर गाउँपालिकाका जनप्रतिनिधिहरुलाई वातावरण अनुकुलन सम्बन्धी अवलोकन गर्न महोत्तरी जिल्लाको वर्दिवास लगायतका स्थानमा भ्रमण गराउन सहयोग गरेको Nepal Peace Building नामक संस्थालाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।<br>• यस गाउँपालिका अन्तरगत रहेका दर्ता प्रकृयामा नआएका टोल विकास संस्थाहरुलाई दर्ता गर्न र समयावधि समाप्त भएकालाई साधारण सभा मार्फत पुनर्गठन गर्न गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालयहरुमार्फत आव्हान गर्ने निर्णय गरियो।<br>• वडा नं ४ मा अवस्थित सिद्द बाबा युवा क्लबलाईई व्याडमिन्टन कोर्ट निर्माणका लागि **अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रम** शीर्षकबाट रू ५० हजार विनियोजन गर्ने निर्णय गरियो । |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष